धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ५१ ◆ २०८३ भदौ २२ सोमबार ◆ Monday, September 7, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## चितवनमा फेला परेका ३६२ शवमध्ये ३३३ को व्यवस्थापन

❑ *प्रत्यूष समाचारदाता*

नारायणगढ । रसुवाको भोटेकोशीमा आएको बाढीपछि त्रिशूली र नारायणी नदी किनारबाट चितवन मा फेला परेका शवहरूको व्यवस्थापन, 'डिएनए' नमूना सङ्कलन र पहिचान गर्ने काम भइरहेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक चन्द्रभूषण यादवका अनुसार हालसम्म चितवनमा ३६२ शव फेला परेका छन् । तीमध्ये ३३३ शवको व्यवस्थापन गरिसकिएको छ भने १४ वटा शवको सनाखत भएपछि आफन्तको जिम्मा लगाइएको छ ।

शवहरूको वैज्ञानिक पहिचान का लागि यही भदौ १६ गतेदेखि डिएनए नमूना सङ्कलन सुरु गरिएको थियो । यादवका अनुसार भदौ २० गतेसम्म हराइरहेका व्यक्तिका आफन्त ६८ जनाको डिएनए नमूना सङ्कलन गरिएको छ। उहाँका अनुसार भदौ १६ गते सात पुरुषको नमूना सङ्कलन गरिएको थियो । भदौ १७ गते २६ जनाको नमूना सङ्कलन गरिएकोमा दुई महिला, २२ पुरुष र दुई पुरुष भारतीय नागरिक रहेका छन् । भदौ १८ गते २२ जनाको नमूना सङ्कलन गरिएकामा चार महिला, १४ पुरुष, एक बालक र तीन भारतीय पुरुष नागरिक छन् ।

यस्तै, भदौ १९ गते सात जनाको नमूना सङ्कलन गरिएकामा एक महिला, चार पुरुष, एक बालक र एक भारतीय पुरुष नागरिक रहेका छन्। भदौ २० गते छ जनाको नमूना सङ्कलन गरिएकामा दुई महिला, एक पुरुष र तीन बालक रहेका छन् । प्रहरी नायब उपरीक्षक यादवका अनुसार हाल पनि खोजी, शवहरूको पहिचानका लागि आफन्तको डिएनए परीक्षण, हराइरहेका व्यक्तिको विवरण सङ्कलन र अन्य समन्वयात्मक प्रक्रिया निरन्तर छ ।

# कृष्णभीरमा खोलिएको ट्र्याक लाई फराकिलो बनाइँदै

❑ *प्रत्यूष समाचारदाता*

चितवन । पृथ्वी राजमार्गअन्तर्गत कृष्णभीरमाथिको भागबाट निर्माण सामग्री तथा उपकरण लैजान सकिने गरी खोलिएको 'ट्र्याक' फराकिलो बनाउन थालिएको छ । पहिरोले सडक भासिएपछि अवरुद्ध रहेको सडक सञ्चालन गर्ने तयारीस्वरूप माथिल्लो भागमा रुख कटान र झाडी फाँड्ने काम गरी ट्र्याक खोलिएको हो । नौबिसे-मुग्लिन सडक आयोजनाको पश्चिमखण्डका इञ्जिनियर सचेन्द्र मिश्रका अनुसार पहिरो गएको स्थानमाथिबाट निरन्तर काम गरेपछि डाँडामाथिबाट दुवैतर्फ करिब चार मिटर चौडाइको ट्र्याक खोलिएको छ । उहाँले भन्नुभयो, "हिजो खुलेको ट्र्याक फराकिलो बनाउने काम सुरु गरिएको छ ।" माथितिर भित्ता काट्ने, बाटो चौडा गर्ने, ग्राभेलिङ गर्ने, ग्रेडिङ मिलाउने, डिजाइनअनुसार पहिरो व्यवस्थापन गर्ने लगायतका धेरै काम बाँकी छन्। सर्वसाधारणका गाडी गुड्न अझै समय लाग्ने उहाँको भनाइ छ ।

अगामी भदौ मसान्तसम्ममा सर्वसाधारणका सवारी सञ्चालन गर्न मिल्ने गरी तीव्र गतिमा काम गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अब डिजाइन अनुसार काम गर्ने वातावरण बनेको छ । निर्माणका लागि आवश्यक प्राविधिक सामग्री र जनशक्तिको अभाव छैन । अब सडक डिजाइन अनुसार निर्माण हुन्छ र काम गर्न सहज भएको छ।" मिश्रका अनुसार अहिले खोलिएको ट्र्याक मुख्यतया निर्माणमा संलग्न कामदार र निर्माण सामग्री ओसारपसारका लागि प्रयोग भएको छ ।

नयाँ सडक खोल्ने काम निर्माण कम्पनी शर्मा-जेडआइभी जेभीले गरेको छ। कम्पनीका साइट प्रबन्धक इञ्जिनियर ईश्वर नेपालका अनुसार मुख्य सडबाट करिब २०



मिटर अग्लो र ३५० मिटर लामो ट्र्याक खोलएको हो । उहाँले भन्नुभयो, "ट्र्याक खुलेपछि निर्माण सामग्री लैजान, इन्धन पुऱ्याउन र कामदार आवतजावत गर्न सहज भएको छ। अहिले यो ट्र्याक निर्माण प्रयोजनका लागि मात्रै प्रयोग भइरहेको हो। सर्वसाधारणका लागि नयाँ सडक खुलेको होइन।" उहाँका अनुसार अब स्लोप कटिङ, भित्ता काट्ने, ढुङ्गा थुपार्ने, ग्रेडिङ मिलाउनेलगायत धेरै काम अझै बाँकी छन्। आपत्कालीन अवस्थामा सर्वसाधारण पनि हिँडेर वारपार गर्न सक्ने अवस्था बनेको उहाँको भनाइ छ । अब दुवैतर्फबाट डिजाइन अनुसार सडक निर्माणको काम अघि बढाइने उहाँले बताउनुभयो । उपकरणहरु थप गरिएको छ । दुई एक्साभेटर थप गरेर सात पुऱ्याइएको छ । एउटा जेसिबी, लोडर, दुई बुल्डोजर परिचालन गरिएको छ । आवश्यकता अनुसार उपकरण थप्दै लगिने उहाँले जानकारी दिनुभयो ।

## भोटेकोशी बाढी : ६४ करोड बराबरका खानेपानी आयोजनामा क्षति

काठमाडौं । रसुवास्थित भोटेकोशी नदीमा भदौ १० गते आएको विनासकारी बाढीबाट रसुवा, नुवाकोट, धादिङ र गोरखाका ५५ वटा खानेपानी आयोजना प्रभावित भएका छन् । बाढीबाट क्षतिग्रस्त आयोजनाको प्रारम्भिक विवरण अनुसार करिब रु ६४ करोड बराबरको क्षति भएको अनुमान गरिएको छ ।

खानेपानी व्यवस्थापन विभागका अनुसार बाढीबाट सबैभन्दा बढी प्रभावित नुवाकोटमा २२ वटा खानेपानी आयोजनामा क्षति पुगेको छ । ती आयोजना मामात्रै रु चार करोड ११ लाख ५० हजारबराबरको क्षति भएको विभागले जनाएको छ ।

विभागका प्रमुख एवं महानिर्देशक कमलराज श्रेष्ठका अनुसार बाढीका कारण धादिङका २०, गोरखाका पाँच तथा रसुवाका आठवटा आयोजनामा क्षति भएको छ। बाढीबाट पुगेको क्षतिको विस्तृत विवरण सङ्कलन गर्ने कार्य भने अझै जारी रहेको विभागले जनाएको छ। बाढीका कारण खानेपानी सेवा अवरुद्ध भएका क्षेत्रमा नागरिकलाई तत्काल खानेपानी उपलब्ध गराउन विभागले दीर्घकालीन योजना अघि बढाएको छ । प्रभावित क्षेत्रमा वैकल्पिक स्रोतको प्रयोग गर्दै सेवा पुनः सञ्चालन र क्षतिग्रस्त संरचनाको मर्मतलाई प्राथमिकता दिइएको महानिर्देशक श्रेष्ठले बताउनुभयो । विशेषगरी विदुर खानेपानी आयोजना प्रभावित क्षेत्रमा खानेपानी वितरण सहज बनाउन १०० केभीए क्षमताको डिजेल जेनेरेटर सञ्चालनमा ल्याइएको छ । उक्त जेनेरेटरमार्फत दैनिक करिब पाँच लाख लिटर खानेपानी वितरण गर्ने व्यवस्था मिलाइएको विभागले जनाएको छ ।

एक एचपी क्षमताका सातवटा पम्प सञ्चालनमा ल्याएर बट्टार क्षेत्रका करिब ५०० घर-परिवारमा खानेपानी सेवा पुनः सञ्चालन गरिएको छ। काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)सँगको समन्वयमा भदौ १२ गतेदेखि चारवटा ट्याङ्करमार्फत विदुर र बट्टारका विभिन्न बस्तीमा खानेपानी वितरण भइरहेको महानिर्देशक श्रेष्ठको भनाइ छ ।

बाढी प्रभावित त्रिशूली बजार, बेलकोटगढी, कोल्पुटार, गल्छी, गजुरी र विदुरका बाँकी क्षेत्रमा खानेपानी सेवा विस्तार गर्न आवश्यक सामग्रीसमेत व्यवस्थापन गरिएको विभागले जनाएको छ । सेवा विस्तारका लागि दुई एचपी र एक एचपी क्षमताका गरी कुल १४ वटा पम्प, एक हजार लिटर क्षमताको हिलटेक ट्याङ्की तथा करिब ४१.१ किलोमिटर एचडीपीइ पाइप तयारी अवस्थामा राखिएको छ । प्रभावित क्षेत्रमा ढुवानी तथा जडान गरी खानेपानी सेवा विस्तार गर्ने तयारी भइरहेको छ ।

# बूढीगण्डकी नदीमा आएको बाढीले नाम्रुङमा पुल र जलविद्युतमा क्षति : चुमनुब्रीवासी र पर्यटक समस्यामा

गोरखा । उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-४ नाम्रुङस्थित बूढीगण्डकी र थेराङ खोलाको बाढीले दुई पुल र दुई जलविद्युत् आयोजना बगाएको छ ।

यसबाट चुमनुब्रीवासी समस्यामा परेका छन्। पहिरोसहित आएको बाढीले मनास्लु पदमार्गका दुई पुल र दुई जलविद्युत् आयोजना बगाएको स्थानीय लाक्पा डुण्डुप लामाले जानकारी दिनुभयो ।

थेराङ खोलाको बाढीले नाम्रुङबाट मनास्लु क्षेत्रतर्फ जाने पुल बगाएको छ भने सो बाढीले बूढीगण्डकीको बहाव बढ्न गई नाम्रुङभन्दा तल जङ्गलस्थित पुल पनि बगाएको जनाइएको छ। "बाढी पहिरोले हामीलाई जोखिममा पाऱ्यो", उहाँले भन्नुभयो, "गाउँबाट तल जाने पुल पनि लग्यो, माथि जाने पुल पनि लग्यो ।

कतै जान पनि नमिल्ने भयो ।" साथै स्थानीयले उपभोग गर्दै आएका दुईवटा लघुजलविद्युत् आयोजनामा क्षति पुऱ्याएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "एउटा भर्खर सात करोड रुपैयाँ खर्चेर निर्माण सम्पन्न भएर परीक्षण प्रसारण भएको १०० किलोवाटको जलविद्युत् थियो त्यो पनि लग्यो । अर्को पहिल्यैदेखि बालिरहेको २२ किलोवाटको जलविद्युत् थियो त्यो पनि नामेट पारेर लग्यो । आवातजावत र विद्युत ठप्प हुँदा जनजीवन समस्यामा परेको छ। " विद्युत नहुँदा बत्ती, सञ्चार सेवा तथा विद्युत्बाट चल्ने सबै सेवा ठप्प भएको छ ।

पुल बगाएपछि भर्खर सुरु हुँदै गरेको मनास्लुको पर्यटक आवागमन प्रभावित भएको छ । लार्केपासका लागि गएका सयौं पर्यटक बूढीगण्डकीको पुल नहुँदा समस्यामा परेका छन् ।

पहिरोसँगै आएको बाढीले राति स्थानीय चारजनाको घर बगाएको प्रहरीले जनाएको छ । बाढीले स्थानीय नुर्वु ओङ्ग्याल, ओर्गेन छयोदेन, लाक्पा भुटी र मिङ्मार लामाको घर बगाएको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ । "भूकम्प आएजस्तो गरी गाउँ थर्काएछ । सबै बिउँझिएछन् । अनि बाढी आएको थाहा पाएपछि भागेर ज्यान जोगाएका रहेछन्," वडाअध्यक्ष पेमाग्याल्बो लामाले भन्नुभयो, "नत्र सबैलाई बढारेर लैजान्थ्यो ।" बाढीपीडित चार घरलाई तत्काल अल्पकालीन राहत दिने लामाले बताउनुभयो ।

"घरको केही पनि जोगिएन त्यसैले तत्काल आइतबारै खाद्यान्न र लुगा कपडाका लागि रु २० हजारका दरले राहत दिन्छौं", उहाँले भन्नुभयो, "केही दिनमा गाउँपालिकाका तर्फबाट रु एक लाख बराबरको राहत दिनेछौं ।"

अन्यत्रबाट आउने राहतका लागि पनि पहल गर्ने बताउनुभयो ।

# बाढीपछि धादिङ क्षेत्रमा ६७ शव तथा मानव अवशेष फेला

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । भोटेकोशी-त्रिशूली नदीमा आएको विनाशकारी बाढीपछि धादिङ क्षेत्रमा हालसम्म ६७ शव तथा मानव अवशेष फेला परेका छन् ।

बागमती प्रदेश प्रहरीको विवरणअनुसार तीमध्ये ११ महिला, दुई बालिका र १४ पुरुषका शव छन् भने लिङ्ग तथा अन्य विवरण नखुलेका शव र मानव अंगसमेत गरी ४० वटा रहेका छन् ।

फेला परेका ति सव मध्ये २६ वटा पहिचान नभएको सव धादिङमानै ब्यवस्थापन गरिएको छ । धादिङबाट २७ वटा पश्चिम क्षेत्रीय अस्पताल पोखरा र ७ वटा टिचिङ अस्पताल काठमाडौ पठाईएको थियो । हाल ७ वटा शव गजुरीमा नै रहेको बागमती प्रदेश प्रहरीको प्रतिवेदनमा उल्लेख छ ।

पश्चिम क्षेत्रीय अस्पताल पोखरा पठाइएको शव मध्ये ४ र २ वटा टिचिङ अस्पताल काठमाडौं पठाईएको शव सनाखत गरि परिवारले बुझिसकेको प्रहरीको भनाई छ ।

हाल टिचिङमा रहेको ५ वटा सव समेत ब्यबस्थापन गरिसकेको छ ।

धादिङमा बाढिमा फसेका तीन जनालाई घाइते अवस्थामा उद्धार गरिएको थियो ।

सम्पादकीय ....

## सबैको सहभागितामो जोड

विपत्ले जनधन, भौतिक संरचना र वातावरणलाई मात्र तहसनहस बनाउँदैन, यसले मानवीय संवेदनामा गहिरो शारीरिक, मानसिक तथा मनोवैज्ञानिक असर पुरुयाउँछ । प्राकृतिक विपत्पछिको उद्धार र राहतको व्यवस्था तीव्र बनाउनुपर्ने आवश्यकता हुन्छ तर यो अति चुनौतीपूर्ण हुन्छ । सबैको सहयोग, सद्भाव र समन्वयले प्रभावित व्यक्ति र समुदायको दैनिक जीवनयापन सहज बनाउँदै मानवीय सहायताको अनुभूति गर्ने वातावरण सुनिश्चित गर्न सकारात्मक भूमिका निर्वाह गर्छ । विपत् एउटा संवेदनशील अवस्था हो । भूकम्प, बाढी, महामारी जस्ता विपत् प्राकृतिक घटना मात्र होइनन्, यी परिस्थिति सामाजिक, सांस्कृतिक, आर्थिक, भौगोलिक र राजनीतिक प्रक्रियाका उपज हुन् । तसर्थ विपतको मानवशास्त्रले प्राकृतिक घटना र मानवीय संवेदनशीलता वा जोखिमलाई जोडेर बृहत् विश्लेषण गर्छ ।

दिगो मानवीय विकासका लागि विपत्का चुनौतीको सामना गर्न त्यति सजिलो छैन । विश्वव्यापी रूपमै विपत् र मानवीय सङ्कटका ऐतिहासिक, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, वातावरणीय र जलवायुसम्बन्धी आयामलाई मानवशास्त्रीय दृष्टिकोणबाट बुझ्न अपरिहार्य छ । मानव जीवनमा आइपर्ने विपत्लाई कहिल्यै बिर्सन सकिँदैन । किनकि विपत्को समय निर्धारण हुँदैन । प्रकृतिको गतिशीलतामा आइपर्ने बाधा वा अवरोधलाई विपत्को स्वरूपका रूपमा लिइन्छ । प्राकृतिक विपत् कतिपय अवस्थामा आफैँ सिर्जना हुन्छ भने कतिपय मानवीय व्यवहारबाट उत्पन्न हुन्छ ।

मानवशास्त्रीय दृष्टिकोणले प्राकृतिक विपत् जस्तै बाढी वा भूकम्पले ल्याउने महाविपत्ति मानवनिर्मित हुन्छ भन्ने तर्कलाई जोड दिन्छ । विभिन्न अध्ययनका अनुसार विपत्का असर पनि असमान रूपमा वितरण भएको देखिन्छ ।

गरिब, सीमान्तकृत, महिला र जोखिममा रहेको समुदाय बढी प्रभावित हुन्छन् । एउटा कारण उनीहरूको बसोबास, सामाजिक, भौगोलिक र आर्थिक रूपमा असुरक्षित स्थानमा हुन पनि सक्छ । विपत्लाई बुझ्ने ऐतिहासिक, भौगोलिक, सामाजिक र स्थानीय ज्ञान र अनुभव फरक फरक हुन्छन् । विपत् जोखिमको न्यूनीकरण र व्यवस्थापन गर्ने क्रममा कतिपय अवस्थामा स्थानीय समुदायको परम्परागत ज्ञान, अनुभव र सिपलाई कम आकलन गर्ने गरिन्छ । यो प्रचलन कुनै पनि अवस्थामा सकारात्मक होइन ।

प्रतिकार्य र प्रभावकारी व्यवस्थापन गर्न प्राविधिक ज्ञान मात्र पर्याप्त हुँदैन । यसका लागि स्थानीय संस्कृति, मानवीय व्यवहार र सामाजिक असमानताको राजनीतिक अर्थशास्त्रलाई पनि गहिरो रूपमा बुझ्न आवश्यक छ ।

प्राकृतिक तथा मानवसृजित दुवै प्रकारका विपत् तथा मानवीय सहयोग आवश्यक पर्ने अवस्थामा सबैको सहयोग र समन्वय अपरिहार्य छ । सरकारी प्रयासबाहेक संयुक्त राष्ट्रसङ्घीय निकाय, अन्य अन्तर्राष्ट्रिय निकाय, राष्ट्रिय गैरसरकारी संस्था, शैक्षिक प्रतिष्ठान, निजी क्षेत्र तथा सामुदायिक संस्थाबाट प्रभावित स्थानमा मानव जीवनरक्षाका लागि महत्वपूर्ण सहयोग प्राप्त हुन्छ, जसले गर्दा उद्धार र राहतका सेवा तत्कालै पुऱ्याउन सजिलो हुन्छ ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका “**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन ०१०–५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# पर्वतीय पर्यटनले खोल्दैछ अर्थतन्त्रको नयाँ ढोका

सुवास दर्नाल

विश्वको सर्वोच्च शिखर सगरमाथासहित विश्वका अग्ला हिमशृङ्खला र सयौं आरोहणयोग्य हिमाल रहेको नेपालका लागि पर्वतीय पर्यटन केवल साहसिक गतिविधि मात्र होइन, विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, स्थानीय अर्थतन्त्रको विस्तार र राष्ट्रिय पर्यटन उद्योगको महत्वपूर्ण आधार बन्दै गएको छ । पछिल्ला वर्षमा पर्वतारोहण तथा पदयात्राका लागि नेपाल आउने पर्यटकको सङ्ख्या, आरोहण अनुमति र यसबाट हुने आर्थिक कारोबारले पर्वतीय पर्यटनको सम्भावना अझ फराकिलो रहेको पाइएको छ ।

सगरमाथाको प्रवेशद्वार सोलुखुम्बुबाट हेर्दा यसको प्रभाव अझ स्पष्ट देखिन्छ । हिमाल आरोहणका लागि आउने विदेशी पर्यटकसँगै गाइड, उच्च हिमाली कामदार, भरिया, कुक, होटल व्यवसायी, यातायात व्यवसायी, पर्यटन सामग्री बिक्रेता तथा अन्य सेवा प्रदायकसम्मको आम्दानी जोडिएको हुन्छ । यसरी हिमालमा सुरु हुने आर्थिक गतिविधि गाउँ हुँदै राष्ट्रिय अर्थतन्त्रसम्म पुग्ने गरेको छ ।

### पर्यटनमा पुनरुत्थान

नेपालको पहिचानका रूपमा रहेको पर्वतीय पर्यटन (ट्रेकिङ तथा पर्वतारोहण) महामारी को कडा असरलाई चिर्दै पुनः पुरानै उच्च लयमा फर्किएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको विगत पाँच वर्षको तथ्याङ्कअनुसार सन् २०२१ को तुलनामा सन् २०२५ सम्म आइपुग्दा ट्रेकिङ र पर्वतारोहणका लागि नेपाल आउने विदेशी पर्यटकको सङ्ख्या ४७७.१ प्रतिशत अर्थात् ५.८ गुणाले बढेको छ ।

सन् २०२१ मा कोभिड-१९ सम्बन्धी कडा प्रतिबन्ध र ‘लकडाउन’का कारण जम्मा २८ हजार ६०० जना पर्यटक मात्र पर्वतीय गतिविधिमा सहभागी भएका थिए । सन् २०२२ मा अन्तरराष्ट्रिय सीमा र हवाई सेवा खुला भएसँगै पदयात्रामा आउनेको सङ्ख्या ११५.६ प्रतिशतले बढेर ६१ हजार ६६९ पुग्यो । यो वृद्धिदर त्यसपछिका वर्षमा पनि निरन्तर कायम रह्यो । सन् २०२३ मा ६५ प्रतिशतको वृद्धिदरसहित एक लाख एक हजार ७९२ जना र सन् २०२४ मा थप ५२.२ प्रतिशतले बढेर एक लाख ५४ हजार ९०० पुगेको पर्वतीय पर्यटकको सङ्ख्या सन् २०२५ मा एक लाख ६५ हजार ५६ जना पुगेको छ । यो अघिल्लो वर्ष सन् २०२४ को तुलनामा ६.५ प्रतिशत को क्रमिक वृद्धि हो ।

पर्वतीय पर्यटनको यो पुनरागमनले कुल पर्यटक आगमन मा पनि आफ्नो बलियो उपस्थिति देखाएको छ । सन् २०२१ पछि नेपाल आउने कुल पर्यटकमध्ये पर्वतीय क्षेत्रमा जानेहरूको हिस्सा घटेर १० प्रतिशतसम्म झरेको थियो । तर, पछिल्ला तीन वर्षको निरन्तर सुधारपछि सन् २०२५ मा यो हिस्सा बढेर १४.२ प्रतिशत पुगेको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको २०२५ को तथ्याङ्कअनुसार सन् २०२५ मा नेपालमा कुल ११ लाख ६२ हजार ३६५ विदेशी पर्यटक आएका थिए । तीमध्ये एक लाख ६५ हजार ५६ जना अर्थात् १४.२ प्रतिशत पर्यटकको मुख्य उद्देश्य ट्रेकिङ तथा पर्वतारोहण थियो । यसले नेपालमा आउने प्रत्येक सात जना पर्यटकमध्ये करिब एक जना पर्वतीय गतिविधिसँग प्रत्यक्ष जोडिएको देखाउँछ ।

पर्यटनको यो हिस्सा केवल पर्यटक आगमनको सङ्ख्यामा मात्रै सीमित छैन । पर्वतीय पर्यटकले आवास, खानपान, यातायात, गाइड, भरिया, आरोहण सामग्री, बिमा, अनुमति, उद्धार लगायतका विभिन्न क्षेत्रमा गर्ने खर्चले अर्थतन्त्रमा बहुआयामिक प्रभाव पार्ने विश्वविख्यात पर्वतारोही स्पीडकाजी शेर्पा बताउनुहुन्छ । “एक जना विदेशी पर्यटक नेपाल प्रवेश गरेदेखि स्वदेश नफर्किएसम्म प्रत्यक्ष र अप्रत्यक्ष रूपमा एक दर्जनभन्दा बढी नेपालीले रोजगारी पाउँछन् । विमानस्थलबाट ओसार-पसार गर्ने ट्याक्सी चालकदेखि ट्रेकिङ कम्पनी, गाइड, पोर्टर, आरोहण सहयोगी, होटल तथा अन्य सेवा प्रदायकसम्ममा यसको लाभ पुग्छ”, शेर्पाले भन्नुभयो, “त्यसैले पर्वतीय पर्यटनलाई पर्यटकको सङ्ख्या र रोयल्टीबाट मात्र मूल्याङ्कन गर्न हुँदैन, यसले सिर्जना गर्ने रोजगारी, आय र आर्थिक गतिविधि को समग्र प्रभावलाई हेर्नुपर्छ ।”

### हिमालबाट राज्यलाई राजस्व

पर्वतारोहणबाट मुलुकले प्रत्यक्ष रूपमा प्राप्त गर्ने प्रमुख आर्थिक लाभमध्ये रोयल्टी महत्वपूर्ण हो । सगरमाथा, ल्होत्से, मनास्लु, मकालु, धौलागिरि, कञ्चनजङ्घा लगायतका हिमालबाट सरकारले पर्वतारोहण रोयल्टी प्राप्त गर्दै आएको छ । त्यससँगै तुलनात्मक रूपमा कम उचाइका आरोहणयोग्य हिमालले पनि आर्थिक गतिविधिमा योगदान गरिरहेका छन् । सरकारी तथ्याङ्कअनुसार नेपाल पर्वतारोहण सङ्घमार्फत अनुमति जारी हुने २७ वटा हिमालमा सन् २०२५ मा सात हजार ५४ जनाले आरोहण अनुमति लिएका थिए । तीमध्ये छ हजार ९०३ विदेशी र १५१ नेपाली आरोही थिए । यी हिमालबाट मात्रै १४ लाख २५ हजार ७२० अमेरिकी डलर अर्थात् करिब २० करोड रुपैयाँ रोयल्टी सङ्कलन भएको छ । पर्वतीय पर्यटनका जानकार तथा नेपाल पर्वतारोहण सङ्घका पूर्वअध्यक्ष आङछिरिङ शेर्पाका अनुसार पर्वतारोहणबाट सिर्जना हुने आर्थिक योगदानलाई रोयल्टीमा मात्र सीमित गरेर हेर्न मिल्दैन । आरोहीले नेपालमा गर्ने अन्य खर्च जोड्दा यसको वास्तविक आर्थिक प्रभाव निकै ठूलो हुन्छ । एक जना आरोही नेपाल आउँदा अनुमति शुल्कबाहेक आरोहणका लागि आवश्यक उपकरण, लजिस्टिक, गाइड, उच्च हिमाली कामदार, खाद्यान्न, आवास, यातायात, सञ्चार तथा उद्धारमा खर्च हुन्छ । तीमध्ये ठूलो हिस्सा निजी क्षेत्र र स्थानीय सेवा प्रदायकसम्म पुग्ने शेर्पाको भनाइ छ ।

### सोलुखुम्बुको अर्थतन्त्रमा हिमालको प्रभाव

नेपालको पर्वतीय पर्यटन को आर्थिक प्रभाव बुझ्न सोलुखुम्बु एउटा महत्वपूर्ण उदाहरण हो । सगरमाथा आरोहणका लागि विश्वभरबाट आउने आरोही तथा अन्य पर्यटकका कारण खुम्बु क्षेत्रमा पर्यटनसँग सम्बन्धित व्यवसायको ठूलो सञ्जाल विकास भएको छ । लुक्लाबाट सुरु हुने पर्यटन गतिविधि फाक्दिङ, नाम्चे, थामे, तेङ्बोचे, दिङ्बोचे, लोबुचे हुँदै आधार शिविरसम्म फैलिन्छ । होटल, लज, रेस्टुरेन्ट, पसल, गाइड, भरिया, यातायात, सञ्चार तथा पर्यटन सामग्रीको कारोबार यसैसँग जोडिन्छ तर सोलुखुम्बुको पर्वतीय पर्यटन सगरमाथामा मात्र सीमित छैन । मेरा पिक, आइल्यान्ड पिक र लोबुजे इस्टजस्ता हिमालले पनि ठूलो सङ्ख्यामा आरोही आकर्षित गरिरहेका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रकाशित गरेको ‘नेपाल पर्यटन तथ्याङ्क-२०२५’ अनुसार नेपाल पर्वतारोहण सङ्घमार्फत व्यवस्थापन हुने हिमालमध्ये सोलुखुम्बु क्षेत्रका मेरा पिकमा दुई हजार ६३३, आइल्यान्ड पिकमा दुई हजार ७८ र लोबुजेमा एक हजार ७७५ जनाले आरोहण अनुमति लिएका थिए ।

यी तीन हिमालमा मात्रै छ हजार ४८६ आरोहीले अनुमति लिएका थिए । यसले सगरमाथा बाहेकका हिमालमा पनि पर्यटनको ठूलो आर्थिक सम्भावना रहेको देखाउँछ ।

### नयाँ हिमाल, नयाँ आर्थिक अवसर

नेपालमा पर्वत पर्यटन विस्तारका लागि अबको मुख्य अवसर भनेकै नयाँ आरोहण गन्तव्यको विकास र प्रवर्द्धन हो । केही सीमित हिमालमा पर्यटक तथा आरोहीको चाप केन्द्रित हुँदा पर्यटनबाट प्राप्त हुने आर्थिक लाभ पनि सीमित क्षेत्रमा केन्द्रित हुने गरेको छ । कम चर्चित हिमाललाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउनसके नयाँ क्षेत्रमा पर्यटन पूर्वाधार विकास, रोजगारी सिर्जना र स्थानीय उत्पादनको बजार विस्तार गर्न सकिन्छ ।

सोलुखुम्बुकै उदाहरण हेर्दा मेरा पिक, आइल्यान्ड पिक तथा लोबुजेमा भइरहेको आरोहण गतिविधिले सगरमाथा आरोहण नगर्ने पर्यटकलाई जिल्ला भित्र्याउन सहयोग गरेको छ । यसबाट पर्यटकको बसाई लम्ब्याउने र स्थानीय खर्च बढाउने अवसर सिर्जना हुन्छ । नेपालले पर्वतीय पर्यटनलाई सगरमाथाको ब्रान्डमा मात्र निर्भर नराखी हिमालको विविधता प्रस्तुत गर्नसके विश्व बजारमा नेपालको पर्वतीय पर्यटन उत्पादन अझ प्रतिस्पर्धी बन्नसक्ने कीर्तिमानी आरोही तेम्बाछिरि शेर्पाले बताउनुभयो ।

### दक्ष जनशक्ति र रोजगारी

पर्वत पर्यटनले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ठूलो सङ्ख्यामा रोजगारी सिर्जना गरेको छ । गाइड, भरिया, कुक, होटल कर्मचारी, आरोहण सहयोगी, उद्धारकर्मी, पर्यटन व्यवसायी तथा विभिन्न सेवा प्रदायक यस क्षेत्रसँग जोडिएका छन् । तर अन्तरराष्ट्रिय पर्वतारोहण बजारमा प्रतिस्पर्धा गर्न दक्ष र प्रमाणित जनशक्ति आवश्यक हुन्छ । सुरक्षित पर्वतारोहणका लागि व्यावसायिक गाइड, उद्धारकर्मी र उच्च हिमाली कामदारको क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ । नेपाल पर्वतारोहण सङ्घ र पर्यटन क्षेत्रका अन्य निकायले तालिम तथा दक्षता अभिवृद्धिका कार्यक्रम अघि बढाइरहेका छन् ।

सन् २०२५ मा व्यावसायिक माउन्टेन गाइड तालिम अन्तर्गत सिटिइभिटीबाट स्वीकृत पाठ्यक्रममा तालिमसमेत सञ्चालन भएको थियो । नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष फुर गेल्जे शेर्पाले नेपालमा सुरक्षित, व्यावसायिक र दिगो पर्वतीय पर्यटन विकासका लागि दक्ष जनशक्ति आवश्यक रहेको बताउँदै आउनु भएको छ । उहाँले पर्वत पर्यटनको प्रवर्द्धनसँगै नयाँ पुस्तालाई यस क्षेत्रमा आकर्षित गर्ने र अन्तराष्ट्रिय स्तरको दक्षता विकास गर्नुपर्नेमा जोड दिनुभएको छ ।

पर्वतीय पर्यटनको विस्तार सँगै वातावरण संरक्षण अर्को महत्वपूर्ण विषय हो । जलवायु परिवर्तनका कारण हिमनदी पग्लिने, हिमतालको आकार परिवर्तन हुने, हिमपहिरोको जोखिम बढ्ने तथा आरोहण मार्गमा परिवर्तन आउने क्रमले पर्वतीय पर्यटनको भविष्यमा चुनौती थपेको नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष शेर्पाले बताउनुभयो । खुम्बु क्षेत्रमा देखिएका हिमनदी तथा हिमतालका परिवर्तनले पर्वतारोहण र पर्यटन पूर्वाधारको सुरक्षाबारे प्रश्न उठाएको छ ।

सङ्घले पनि वातावरणीय जिम्मेवारी, पर्वतारोहण सुरक्षा तथा उच्च हिमाली उद्धार क्षमतामा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । सङ्घको आयोजनामा गत मङ्गलबारदेखि काठमाडौँमा प्रोफेसनल माउन्टेन गाइड (पिएमजी) प्रशिक्षण ‘स्किल कोर्स’ सुरु भएको छ । चालिस दिने उक्त प्रशिक्षण काठमाडौं र ताप्लेजुङको कञ्चनजङ्घा क्षेत्रमा सञ्चालन हुने आयोजकले जनाएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)बाट स्वीकृत एक हजार ६९६ घण्टे व्यावसायिक पर्वतीय पथप्रदर्शकसम्बन्धी पाठ्य-क्रमको महत्वपूर्ण हिस्सा भएको अध्यक्ष शेर्पाले जानकारी दिनुभयो । पर्वतारोहणबाट राज्यले पाउने रोयल्टीलाई मात्र यसको आर्थिक योगदानको मापन मान्दा पर्वतीय पर्यटनको वास्तविक योगदान ओझेलमा पर्न सक्छ ।

# बाढीपीडितलाइ आर्थिक सहयोग जुटाउने क्रम जारी

पर्सा । यहाँका पालिका, विभिन्न सामाजिक सङ्घसंस्था र उद्योगपति तथा समाजसेवीले भोटेकोशी बाढीपीडितलाई आर्थिक सहयोग गर्नेक्रमलाई जारी राखेका छन् ।

वीरगञ्जका सुनचाँदी व्यवसायी तथा समाजसेवी नीरज सर्राफ 'मुन्ना सर्राफ'ले भोटेकोशी-त्रिशूली बाढीपीडितका लागि रु दुई लाख ५१ हजार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम प्रदान गर्नुभएको छ ।

साउथ जोन माध्यमिक विद्यालय, वीरगन्ज-१३, राधेमाई, पर्साले बाढीपीडितका लागि रु एक लाख ५५ हजार ५५३ सहयोग गरेको छ । भारतको लभली प्रोफेसनल युनिभर्सिटी (एलपियू) ले पनि आफ्ना नेपाली विद्यार्थी र उनीहरूका परिवारप्रति ऐक्यबद्धता व्यक्त गर्दै राहत सङ्कलन र आर्थिक सहयोग अभियान सुरु गरेको छ ।

नेपाल पुलिस स्कुल शान्तिपुरमा अध्ययनरत विद्यार्थी हरूले आफ्नो खाजा खर्च कटाएर सङ्कलन गरेको रकम भोटेकोशी बाढी प्रभावितका लागि सहयोग गरेका छन् । विद्यालयमा गठित विभिन्न क्लबमा आबद्ध विद्यार्थीले कुल रु ९५ हजार ७८३ सहयोग गरेका छन् ।

# भोटेकोशी बाढीः त्रिवि शिक्षण अस्पतालमा २४४ शव ल्याइयो, १६१ को अस्थायी व्यवस्थापन

काठमाडौँ । रसुवाको भोटेकोशी नदीमा भदौ १० गते आएको बाढीमा परेर ज्यान गुमाएकामध्ये २४४ जनाको जनाको शव त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्ज ल्याइएको छ ।

अस्पतालका फरेन्सिक ल्याब प्रमुख डा गोपाल चौधरीले बाढीमा परेर ज्यान गएकामध्ये २४४ शव शिक्षण अस्पतालमा ल्याइएको जानकारी दिनुभयो । अस्पतालमा ल्याइएका २४४ शवमध्ये १६१ शवको अस्थायी व्यवस्थापन गरिएको छ । यस्तै, २४ शवको पहिचान भएकाले परिवार तथा आफन्तलाई जिम्मा लगाइसकिएको डा चौधरीले बताउनुभयो । यस्तै, हाल ५९ शवहरु अस्पतालमै रहेका छन् । केही शवहरुको पोस्टमार्टम गर्न बाँकी रहेकाले पोस्टमार्टमपछि उक्त शवको व्यवस्थापन गरिने अस्पतालले जनाएको छ ।

# क्यासिनोमा नेपाली प्रवेश गराई जुवा खेलाउने आठ जना पक्राउ

पर्सा । वीरगञ्ज महानगरपालिका-१४ गण्डकस्थित क्यासिनोमा नेपालीलाई प्रवेश गराई जुवा खेलाउने तथा खेल्ने आठ जनालाई प्रहरीले आइतबार नियन्त्रणमा लिएको छ ।

गोलडेन फिङ्गर गेमिङ जोन प्रालिमा नेपालीलाई प्रवेश गराई जुवा खेलाइरहेको सूचनाका आधारमा प्रहरीले छापा मारेको थियो । प्रहरीले जुवा खेलिरहेको अवस्थामा पर्साको सखुवाप्रसौनी गाउँपालिका-६ का ३६ वर्षीय जसवन्त यादव, सोही ठाउँका ३० वर्षीय चन्दन सहनी र वीरगञ्ज महानगरपालिका-११ का ३९ वर्षीय ओमप्रकाश बैठालाई नियन्त्रणमा लिएको छ । त्यस्तै, स्याङ्जाको हरिनास गाउँपालिका-७ का ३६ वर्षीय प्रदीप पौडेललाई पनि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

नेपालीलाई क्यासिनोमा प्रवेश गराई जुवा खेलाउने कार्यमा संलग्न चार कर्मचारी पनि पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा वीरगञ्ज-१४ का २८ वर्षीय विजयकुमार पटेल, वीरगञ्ज-२५ का ३१ वर्षीय दिनेशकुमार पटेल, महोत्तरी पिपरा गाउँपालिका-५ का ४९ वर्षीय जयदेव साह र वीरगञ्ज-१२ का ५० वर्षीय प्रदेशी साह छन् । उनीहरुमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो ।

## प्रदेश सरकारको सहयोगबाट तुइन जडान

काठमाडौँ । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले प्रदेशको भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गतको पूर्वाधार विकास कार्यालय, नुवाकोटको सक्रियतामा विदुर नगरपालिका-५ देवीघाटमा तुइन जडान गरी सञ्चालनमा ल्याइएको बताउनुभएको छ । सो क्षेत्रमा यही भदौ १० गतेको रसुवाको भोटेकोशी हुँदै आएको विनाशकारी बाढीले त्रिशूली वारिपारि गर्न समस्या हुँदै आएको छ ।

जनताको दैनिक जीवनमा सहजता ल्याउने साना देखिने तर महत्वपूर्ण पूर्वाधार निर्माणलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको जनाउँदै उहाँले जनताको आवश्यकता जहाँ छ, प्रदेश सरकारको उपस्थिति त्यहीँ हुनुपर्छ भन्ने प्रतिबद्धतासहित सरकार अघि बढिरहेको उल्लेख गर्नुभयो ।

मुख्यमन्त्री थापा मगरका अनुसार तुइन सञ्चालनमा आएसँगै त्रिशूली नदी वारिपारि आवतजावत गर्न तथा स्थानीयस्तरमा खाद्यान्न, औषधि लगायत अत्यावश्यक सामग्रीको ढुवानीमा सहजता हुनेछ ।

उहाँले जनताको आवश्यकता र सहजताका लागि प्रदेश सरकार निरन्तर काम गरिरहेको जनाउँदै आवश्यकताअनुसार यस्ता पूर्वाधार निर्माण तथा सञ्चालनलाई प्राथमिकतामा राखिने स्पष्ट पार्नुभयो ।

# बहुआयामिक चुनौतीका सामु कर्तव्यपथमा जुट्दैछ नेपाल प्रहरी



काठमाडौँ । भोटोकोशी बाढीका कारण सिर्जित चुनौतीसँग जुध्न सीमित साधनस्रोतका बाबजुद सम्पूर्ण संयन्त्र प्रयोग गरी प्राप्त जिम्मेवारीलाई पूरा गर्न नेपाल प्रहरी निरन्तर लागि परिरहेको छ ।

रसुवास्थित नेपाल-चीन सीमाबाट बाढी प्रवेश गरेलगत्तै सूचना सङ्कलन एवम् विश्लेषण, आवश्यक रणनीति अवलम्बन, उपलब्ध साधनस्रोत, दक्ष जनशक्ति एवम् प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखी तटीय क्षेत्रसम्म प्रहरी अहोरात्र खटिइरहेको छ ।

प्रहरी प्रधान कार्यालयका अनुसार भोटेकोशी विपद्को व्यवस्थापनमा सात हजार ९१२ प्रहरी परिचालन भएका छन् । प्रहरीको पछिल्लो तथ्याङ्कअनुसार बाढी प्रभावित क्षेत्रबाट छ हजार ८५३ जनाको उद्धार गरिएको छ । हालसम्म पाँच हजार १५ जना बेपत्ता छन् ।

खोज उद्धारमा कुकुर र 'ड्रोन क्यामेरा'

प्रहरीले बाढीमा परी हराइरहेकाको खोज तथा उद्धारका लागि विशेष टोली नै परिचालित गरेको छ । केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्ले भन्नुहुन्छ, "हेडक्वार्टरमा प्रहरी नायब महानिरीक्षकको नेतृत्वमा 'विपद् उद्धार तथा समन्वय सूचना व्यवस्थापन केन्द्र' गठन गरी चौबिसै घण्टा अनुगमन भइरहेको छ ।"

उक्त केन्द्रमा सम्पर्कविहीन आफन्तको खोज तथा उद्धारका लागि आफन्तका परिवारको फोन आउने गरेको र सोही विवरण अनुसार खोजी गर्न सम्बन्धित प्रहरी युनिटमा जनाकारी गराउँदै आइरहेको उहाँ सुनाउनुहुन्छ ।

हालसम्म एक हजार ३५१ पटक केन्द्रमा आफन्तको खोज र उद्धारका लागि अनुरोध प्राप्त भएको छ ।

प्रभावित क्षेत्रमा केनाइन ( तालिम प्राप्त कुकुर) तथा जटिल भौतिक संरचनामा ड्रोनको प्रयोग गरी खोजी जारी छ । ड्रोन क्यामेराको सहयोगमा केही दिनअघि नुवाकोटको विदुर नगरपालिका-१० बेत्रावतीस्थित एउटै घरबाट २४ वटा शव फेला पारिएको थियो । यसैगरी, यहाँस्थित विभिन्न देशका दूतावास, कूटनीतिक नियोगका साथै अन्य विदेशी संस्थालाई मृतक तथा बेपत्ता विदेशी नागरिकका बारेमा सूचना आदनप्रदानका लागि प्रहरी प्रधान कार्यालय र त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा 'मिसिङ हेल्प डेस्क' सञ्चालनमा ल्याइएको छ ।

वैज्ञानिक शव व्यवस्थापन र 'डिएनए प्रोफाइलिङ'

प्रभावित क्षेत्रमा उद्धार र खोजी अभियानसँगै पहिचान हुन नसकेका शव र मानव अङ्गको व्यवस्थापन 'फोरेन्सिक' विशेषज्ञको सहयोगमा जारी छ । प्रहरी प्रवक्ता काफ्ले सङ्कलित शव बढ्दै गइरहेको र त्यसबाट सङ्क्रमण तथा महामारी फैलिन सक्ने जोखिम देखिएकाले शवको व्यवस्थापनमा वैज्ञानिक विधि अवलम्बन गरिएको सने क्रममा बताउनुहुन्छ । बाढीपछि हराइरहेका नेपाली तथा विदेशी नागरिकका परिवारले डिएनए परीक्षणमार्फत फेला परेका शव तथा शरीरका अङ्ग यकिन गर्न सक्ने प्रक्रियाका लागि महाराजगन्जस्थित नेपाल प्रहरी अस्पतालमा 'डिएनए प्रोफाइलिङ' को काम भइरहेको छ ।

आपराधिक घटनाप्रति कडा निगरानी

विपद्को मौका छोपी हुनसक्ने आपराधिक घटनाप्रति प्रहरीले कडा निगरानी बढाएको छ । विस्थापितका खाली घरको सुरक्षा तथा विपद्को नाममा हुनसक्ने अपराध र गलत सूचना नियन्त्रणमा समेत प्रहरी निरन्तर लागि परेको छ ।

सुरक्षाकर्मी खोज तथा उद्धारमा व्यस्त रहेको मौका छोपी लुटपाट, चोरी गर्ने जस्ता आपराधिक गतिविधिलाई नियन्त्रण गर्न गस्ती एवं निगरानीलाई बढाइएको प्रहरी नायब महानिरीक्षक काफ्लेले जानकारी दिनुभयो ।

विपद्को समयमा राहत सङ्कलनका नाममा हुन सक्ने ठगी नियन्त्रण गर्न प्रहरी सक्रिय रहेको उहाँको भनाइ छ । "सामाजिक सञ्जालमार्फत प्रवाह भएका गलत सूचना, अफवाह, भ्रामक समाचार लगायत सामग्रीप्रति पनि निगरानी बढाइएको छ" प्रवक्ता काफ्लेले भन्नुभयो, "विपद्को समयमा गलत सूचना फैलाएर नागरिकमा भ्रम सिर्जना गर्ने वा राहत तथा उद्धारमा अवरोध पुर्‍याउनेलाई कानुनी दायरामा ल्याइनेछ ।"

स्वास्थ्य उपचार, राहत र सचेतना अभिवृद्धि

बाढी प्रभावित क्षेत्रमा घाइते भएका व्यक्तिको स्वास्थ उपचारमा समेत प्रहरी अग्रसर छ । नेपाल प्रहरी अस्पतालबाट खटिएको विशेषज्ञ चिकित्सक टोली सुरुआती दिनदेखि नै घाइतेको स्वास्थ्य उपचारमा निरन्तर लागि परेका छन् । घाइतेलाई सामान्य अवस्थामा ल्याउन र विनाशकारी बाढीको कारण उत्पन्न हुन सक्ने मानसिक तनावलाई न्यूनीकरण गर्न प्रहरी अस्पतालको विशेषज्ञ टोली क्रियाशील रहेका छन् ।

पछिल्लो तथ्याङ्क अनुसार प्रहरीले बाढी प्रभावित क्षेत्रमा कुल ९२ वटा सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गरेको छ । सचेतना कार्यक्रमहरूमा ४१ हजार २५७ जना सहभागी भएका छन् ।

विपद् प्रभावित रसुवा, नुवोकोट र धादिङका 'होल्डिङ सेन्टर'मा महिला तथा बालबालिका विरूद्ध दुर्व्यवहार र हिंसालगायत घटना हुन नदिन महिला प्रहरी परिचालित गरिएको छ ।

उनीहरूले महिला तथा बालबालिकासँग सम्बन्धित समस्या एवम् गुनासाहरू सम्बोधन गर्दै आवश्यक मनोपरामर्श पनि प्रदान गर्दै आइरहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

विस्थापितको दैनिकी सहज बनाउने प्रयास जारी

प्रहरीले स्थानीय तह र अन्य सुरक्षा निकायसँग समन्वय गरी बाढी प्रभावित क्षेत्रका नागरिकको दैनिकीलाई सहज बनाउन सहजीकरण गरिरहेको छ । बाढीले हिल्लाम्मे भएका विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, विस्थापित नागरिकका घरमा सरसफाइ तथा मर्मतसम्भारमा प्रहरी टोली जुटेको देखिन्छ ।

प्रहरीले बाढीका कारण विभिन्न ठाउँमा अवरोध भएका सडकको समयमै सूचना प्रवाह गर्ने र वैकल्पिक मार्गहरूको सूचना प्रवाह गरी यात्रुलाई सहजीकरण गरिरहेको काफ्ले बताउनुहुन्छ ।

पीडा भुलाउँदै नागरिकको दुःखमा सँगै प्रहरी

प्रहरी नायब महानिरीक्षक काफ्लेले जस्तोसुकै परिस्थितिमा पनि नागरिकको साथमा रहेर प्रहरी आफ्नो कर्तव्यपथमा अडिग रहेको बताउनुहुन्छ । "आफ्नो दुःख-पीडा भुलाउँदै नागरिकलाई नै सर्वोपरि मानेर उनीहरूको हरेक दुःखमा साथ दिँदै प्रहरी अघि बढिरहेको छ", उहाँ भन्नुहुन्छ । यसपटकको बाढीबाट प्रहरी सङ्गठनले पनि भौतिकसँगै मावनीय क्षति व्यहोरेको छ । बाढीको सूचनासँगै नागरिकको जीउधनको सुरक्षामा खटिइएका २५ जना नेपाल प्रहरी अहिलेसम्म सम्पर्कविहीन छन् । नायब महानिरीक्षक एवं प्रवक्ता काफ्ले बाढी प्रभावित क्षेत्रमा ठूलो मात्रामा थुप्रिएको हिलो, माटो, ढुङ्गा एवम् पुनः बाढीको जोखिमका बीच नागरिकको दैनिक जीवनयापनलाई सहजीकरण गर्न मातहतका जनशक्ति अहोरात्र खटिरहेको स्मरण गर्नुहुन्छ । "प्रभावित क्षेत्रमा खोज तथा उद्धार, सम्पर्कविहीनको खोजी, शव व्यवस्थापन, राहत वितरण, आपराधिक गतिविधि नियन्त्रण र विस्थापितको जीउधनको सुरक्षा लगायत बहुआयमिक चुनौतीको सामना गर्दै आफ्नो कर्तव्य पूरा गर्न नेपाल प्रहरी अग्रसर छ", उहाँले भन्नुभयो ।

# लोककल्याणकारी विज्ञापन कटौतीविरुद्ध चरणबद्ध आन्दोलनको तयारी

काठमाडौँ । लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने सरकारी निर्णय फिर्ता गराउन नेपाल पत्रकार महासंघ काठमाडौं शाखाद्वारा गठित छापा माध्यम बचाउ सुझाव कार्यदलले चरणबद्ध आन्दोलनमा जान सुझाव दिएको छ । कार्यदलले तत्काल सरकार तथा राजनीतिक दलका नेताहरूसँग संवाद गर्ने र एक साताभित्र माग सम्बोधन नभए भौतिक आन्दोलन सुरु गर्न महासंघलाई प्रस्ताव गरेको हो ।

कार्यदलको शनिबार बिहान बसेको बैठकले दामोदरप्रसाद दवाडीलाई संयोजक चयन गर्दै महासंघलाई सातबुँदे सुझाव दिएको हो । कार्यदलले संशोधित कार्यविधि अनुसार कटौती गरिएको रकममा लोककल्याणकारी विज्ञापनको बिल विज्ञापन बोर्ड वा सम्बन्धित हुलाक कार्यालयमा पेस नगर्न देशभरका छापा माध्यमलाई आह्वान गर्न महासंघ केन्द्रीय समितिलाई अनुरोध गर्ने निर्णय गरेको छ । सरकारी विज्ञापन वितरणमा भइरहेको विभेद, लोककल्याणकारी विज्ञापनको रकम कटौती तथा राष्ट्रिय समाचार समिति (रासस) को बुलेटिन शुल्कमा गरिएको ठूलो कटौती तत्काल सच्याउनुपर्ने कार्यदलको निष्कर्ष छ । त्यसका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसहित सम्बन्धित सरकारी निकाय र राजनीतिक दलका नेताहरूसँग भेटघाट गरी समस्या समाधानका लागि दबाब दिने निर्णय गरिएको छ । कार्यदलले एक सातासम्म संवाद र परामर्शबाट समस्या समाधानको प्रयास गर्ने र त्यस अवधिमा माग सम्बोधन नभए आन्दोलनलाई चरणबद्ध रूपमा अघि बढाउने प्रस्ताव गरेको छ । छापा माध्यमको आर्थिक संकट गहिरिँदै गएको अवस्थामा लोककल्याणकारी विज्ञापनको रकम कटौतीले साना तथा स्वरोजगारमूलक सञ्चार-माध्यमको अस्तित्वमै थप चुनौती सिर्जना गरेको कार्यदलको ठहर छ । कार्यदलले छापा माध्यमको संरक्षणलाई केवल सञ्चारमाध्यमको व्यावसायिक विषयका रूपमा नभई प्रेस स्वतन्त्रता र नागरिकको सूचनाको अधिकारसँग जोडिएको विषयका रूपमा लिनुपर्नेमा जोड दिएको छ । सरकारको विज्ञापन नीतिमा समानता र पारदर्शिता कायम गर्नुपर्ने तथा सञ्चार माध्यमलाई विभेदपूर्ण व्यवहार गर्न नहुने उसको भनाइ छ ।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले भदौ १९ गते आयोजना गरेको छापा माध्यमका सम्पादक तथा प्रकाशकहरूसँगको सुझाव संकलन तथा छलफलपछि कार्यदल गठन गरेको थियो । दवाडीको संयोजकत्वमा डा. केशव देवकोटा, टंक कार्की, हेमराज सिलवाल, मुक्ति बास्तोला, विश्वराज किराँत, सीता पोखरेल, नृपेन्द्रलाल श्रेष्ठ, डिल्लीराम भट्टराई, पदमराज जोशी र कल्पना खड्का सदस्य रहेको कार्यदल गठन गरिएको हो । कार्यदलले सरकारलाई तत्काल निर्णय पुनर्विचार गरी छापा माध्यमलाई संकटबाट जोगाउने वातावरण बनाउन आग्रह गरेको छ ।

# भोटेकोशी बाढी : ट्रमा सेन्टरमा उपचाररत ३८ घाइते डिस्चार्ज, १२ जनाको उपचार जारी

काठमाडौं । रसुवास्थित भोटेकोशी नदीमा यही भदौ १० गते आएको बाढीमा परी घाइते भएका ५८ जनालाई उद्धार गरी काठमाडौं ल्याइएकामा राष्ट्रिय ट्रमा सेन्टरबाट आइतबारसम्म ३८ जना उपचारपछि 'डिस्चार्ज' भएका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाका अनुसार बाढीमा परी घाइते भएका ५० जनालाई उपचारका लागि राष्ट्रिय ट्रमा सेन्टर ल्याइएको थियो । उपचारका क्रममा स्वास्थ्य अवस्थामा सुधार आएपछि हालसम्म ३८ जनालाई डिस्चार्ज गरिएको हो । राष्ट्रिय ट्रमा सेन्टरमा अहिले १२ घाइतेको उपचार भइरहेको छ । अस्पताल प्रशासनका अनुसार उपचाररत अधिकांश घाइतेको स्वास्थ्य अवस्था सामान्य रहेको छ भने उनीहरुको साधारण श्ययाम राखेर उपचार भइरहेको छ । भोटेकोशी बाढीमा परी घाइते भएका तथा सम्पर्कविहीन व्यक्तिका आफन्तलाई आवश्यक सूचना उपलब्ध गराउन नेपाल प्रहरीले वीर अस्पताल र राष्ट्रिय ट्रमा सेन्टरमा नागरिक सहायता कक्ष स्थापना गरेको छ ।

सहायता कक्षमार्फत घाइतेको स्वास्थ्य अवस्थाबारे जानकारी लिन तथा सम्पर्कविहीन आफन्तको विवरण टिपाउन आउनेको क्रम जारी रहेको प्रहरीले जनाएको छ । अस्पताल पुगेका आफन्तले आफ्ना परिवारका सदस्यको स्वास्थ्य अवस्था तथा उपचारबारे जानकारी लिइरहेका छन् । भोटेकोशी बाढीबाट ठूलो जनधनको क्षति भएपछि प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्य अझै जारी रहेको छ ।

उद्धार गरिएका घाइतेको उपचारसँगै पीडित तथा बेपत्ता व्यक्तिका आफन्तसँग समन्वय र आवश्यक सहयोगका लागि सम्बन्धित निकायले पहल गरिरहेको प्रहरीले जनाएको छ । बाढीपछि उद्धार तथा राहत कार्यलाई तीव्रता दिइएको छ भने सम्पर्कविहीन व्यक्तिको खोजी, घाइतेको उपचार तथा प्रभावित परिवारलाई आवश्यक सहयोग उपलब्ध गराउने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

## तादीखोलामा एक्रोब्रिज जडान तीव्र

त्रिशूली । नुवाकोटको विदुर नगरपालिका-५ देवीघाट र बेलकोटगढी नगरपालिका-८ जिलिङ जोड्ने गरेर देवीघाटस्थित तादी खोलामा नेपाली सेनामार्फत एक्रोब्रिज जडानलाई तीव्र पारिएको छ ।

भोटेकोशी नदीको बाढीको बहाव तादीमा पसेर उक्त स्थानका दुई पक्की पुलमा क्षति गराएसँगै नुवाकोटको बेलकोटगढी हुँदै धादिङसँग टुटेको यातायात सम्पर्क जोड्न पुल निर्माण थालिएको हो । नेपाली सेनाको श्री १४ नं वाहिनी अड्डाअन्तर्गत रहेको 'ब्रिजिङ युनिट' मार्फत निर्माण भइरहेको पुल पाँच दिनभित्र सञ्चालनमा ल्याउने लक्ष्य रहेको पुल निर्माणको नेतृत्व गरिरहनुभएका सेनानी चिरिञ्जीवी चौलागाईंले जानकारी दिनुभयो । उहाँको अनुसार भोटेकोशी हुँदै आएको बाढीले पुऱ्याएको क्षतिपश्चात् त्रिशूली नदी वारपार गर्न नुवाकोट र रसुवाका सबै पुल बगाएसँगै प्राविधिक अध्ययनपश्चात् पहिलो पुल देवीघाटमा जोड्न थालिएको हो । नुवाकोटको पाँच स्थानमा पुल राख्न अध्ययन भएकामा देवीघाट जडानलगत्तै वेत्रावतीमा एक्रोब्रिज पुल जडान गरेर नुवाकोट र रसुवासँगको यातायात सम्पर्क सञ्चालन गरिने योजना रहेको छ ।

"पुल निर्माणका लागि पुरानै जिप प्रयोग गर्न सक्ने अवस्था र धादिङको गल्छी हुँदै नुवाकोटको देवीघाटबाट सदरमुकाम विदुरसँग आउजाउ सञ्चालन गराउन पहिलो प्राथमिकतामा देवीघाटमा पुल निर्माण थालिएको छ," उहाँले भन्नुभयो, "शनिबारदेखि निर्माण सुरु भएको पुल पाँच दिनभित्र सम्पन्न गर्ने लक्ष्यसहित ५५ जनाको टोली चौबिसै घण्टा कार्यक्षेत्रमा खटिएको छ ।" नेपाली सेनासँग धादिङको गजुरीस्थित भैरव गणमा तीन थान मौजुदा राखिएको पुल नुवाकोट र रसुवाको बाढी प्रभावित क्षेत्रमा आउजाउ सञ्चालन गराउन प्रयोग गरिने सेनाले जनाएको छ । सेनासँग ७५ मिटर दूरीका तीन थान पुल मौजुदा राखिएको थियो । देवीघाटमा निर्माण थालिएको पुल ५७.५ मिटर लम्बाइ र ५.५ मि चौडाइको छ । धेरै भारवहन क्षमताको रहने सेनानी चौलागाईंले जानकारी दिनुभयो । उहाँका अनुसार अहिले निर्माण थालिएको पुलले ७० टन भारवहन क्षमता बहन गर्न सक्नेछ । "बेलीब्रिजको प्रविधिलाई परिमार्जन गरेर बनाइएको आधुनिक अमेरिकी रूप भएकाले एक्रोब्रिज थप तीन गुणा बढी बलियो र टिकाउ हुनेछ," उहाँले भन्नुभयो, "उच्च गुणस्तरको ग्याल्भान-इज्ड अमेरिकी स्टिल र बलिया स्टिलका डेक प्रयोग गरिएको हुँदा ठूला भारवहन क्षमतासहित चौडा फराकिलो बनाउन सकिने छ । पुल निर्माणका लागि आवश्यक सामग्री गजुरीबाट काठमाडौं हुँदै नुवाकोट ल्याउनुपर्ने बाध्यता भएकाले ढुवानीमा समस्या देखिएको छ । कार्यस्थलमा निर्माण सामग्री आउन र नियमित काम गर्न कुनै अवरोध नभए पाँच दिनभित्र काम सम्पन्न गर्ने लक्ष्य छ ।


# कर तिर्ने संस्कृतिको विकास गरौं

- कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
- प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रूपमा बिल बिजक लिऔं र दिऔं,
- कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
- डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं.
- पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
- करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं ।

कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो ।

नेपाल सरकार,
विज्ञापन बोर्ड


# सुखद खबरको पर्खाइमा

लमजुङ । बिहानसम्म परिवारसँग फोनमा कुराकानी भइरहेको थियो । घरपरिवारले पनि उहाँहरू काममै हुनुहुन्छ भन्ने ठानेको थियो । तर यही जेठ १० गते बिहान करिब ८:३० बजेपछि आएको एउटा खबरले बेँसीसहर नगरपालिका-११ का घर्ती परिवारलाई गहिरो पीडामा धकेल्यो, 'रसुवामा बाढी आएको छ, आयोजनामा कार्यरत राधिका र झपटबहादुरको सम्पर्क टुटेको छ ।"

त्रिचालीस वर्षीया राधिका घर्ती र ४५ वर्षीय झपटबहादुर घर्ती श्रीमान्-श्रीमती हुनुहुन्छ । उहाँहरू रसुवास्थित त्रिशूली थ्री 'ए' जलविद्युत् आयोजनामा करिब १०-१२ वर्षदेखि कार्यरत हुनुहुन्थ्यो । राधिका खाना पकाउने काम गर्नुहुन्थ्यो भने झपटबहादुर सुरुङसम्बन्धी काममा खटिनुहुन्थ्यो । बाढी आएको दिन बिहानसम्म सबै सामान्य नै थियो ।

परिवारसँग करिब ८:३० बजेसम्म सम्पर्क भएको थियो । त्यसपछि भने फोन लागेन । झपटबहादुरको मोबाइलको 'लोकेसन' पनि बिहान करिब ८:५६ बजेसम्म देखिएको थियो । त्यसपछि लोकेसनसमेत देखिन छाड्यो ।

"उहाँहरू कहाँ हुनुहुन्छ भन्ने नै थाहा हुन सकेन । सुरुङ वा पावरहाउस आसपास हुनसक्ने हाम्रो अनुमान छ", भतिज विशाल घर्तीले भन्नुभयो । बाढीपछि नेपाली सेनाले सुरुङमा एक पटक खोजी गरेको थियो । तर सुरुङभित्रको कठिन अवस्थाका कारण पूर्ण रूपमा खोजी गर्न नसकिएको घर्तीको परिवारले जनाएको छ । त्यसपछि परिवारका लागि हरेक दिन प्रतीक्षाको दिन बनेको छ । घर्ती परिवार कतैबाट फोन आउँछ कि, खोजीका क्रममा कुनै खबर भेटिन्छ कि भन्ने आशामा । राधिका र झपटबहादुरका दुई छोरा र एक छोरी हुनुहुन्छ । जेठो छोरा आमाबुबाको खोजीमा संलग्न हुनुहुन्छ । कान्छो छोरा जापानमा हुनुहुन्छ भने छोरीको विवाह भइसकेको छ । परिवारका सदस्यहरूका लागि भने अहिले सबैभन्दा ठूलो प्रश्न एउटै छ - उहाँहरू कहाँ हुनुहुन्छ ? "अब त न सासको खबर छ, न लासको । जिउँदै भेटिने आस पनि लगभग मरिसकेको छ । तर पनि उहाँहरूको अवस्था थाहा पाउन र कम्तीमा शवसम्म भए पनि फेला पार्न पाए हुन्थ्यो", विशालले भन्नुभयो ।

आफन्तका अनुसार राधिका र झपटबहादुर लामो समयदेखि आयोजनामै काम गर्दै आउनुभएको थियो । रोजगारीकै क्रममा रसुवा पुग्नुभएका उहाँहरू वर्षौंदेखि त्यहीं कार्यरत हुनुहुन्थ्यो । घरपरिवारबाट टाढा रहेर काम गर्दै आउनुभएका उहाँहरू एकैपटक सम्पर्कविहीन भएपछि परिवारमा बज्रपात भएको छ । रसुवामा आएको बाढीपछि राधिका र झपटबहादुरमात्र होइन, लमजुङका अन्य व्यक्तिसमेत सम्पर्कविहीन छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार रसुवाको बाढीपछि जिल्लाका १० जना सम्पर्कविहीन रहेको जानकारी प्राप्त भएको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी ज्ञानेन्द्रबहादुर क्षेत्रीका अनुसार सम्पर्कविहीन व्यक्तिको खोजी तथा उनीहरूको अवस्थाबारे जानकारी लिने काम भइरहेको छ ।

# भोटेकोशी बाढीः रसुवामा तीन हजार सम्पर्कविहीन

रसुवा । नेपाल-चीन सीमा क्षेत्रबाट भोटेकोशी नदीमा गएको भीषण बाढीका कारण रसुवामा ठूलो जनधनको क्षति भएको छ । ल्हेन्दे खोला हुँदै गएको बाढीका कारण हालसम्म जिल्लामा एक हजार ३१३ जनाको जीवितै उद्धार गरिएको छ भने तीन हजार ७१ जना अझै सम्पर्कविहीन छन् ।

सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी ध्रुवप्रसाद अधिकारीका अनुसार बाढी र पहिरोको चपेटामा परेका एक हजार २२७ नेपाली र ८६ विदेशी पर्यटकको सुरक्षाकर्मी तथा स्थानीयको सक्रियतामा सफल उद्धार गरिएको छ । बाढीका कारण अलपत्र परेका तथा गोसाइँकुण्ड क्षेत्रमा रोकिएका १४५ तीर्थयात्री तथा स्थानीयलाई हेलिकप्टरमार्फत नुवाकोट र काठमाडौंतर्फ सुरक्षित स्थानान्तरण गरिएको छ । दुर्गम र सडक सञ्जाल विच्छेद भएका क्षेत्रमा राहत र उद्धारका लागि हेलिकप्टर प्रयोग गरिएको छ । विपद्पछि जिल्लामा सम्पर्कविहीन हुनेहरूको सङ्ख्या ठूलो छ । श्रीनाथ गण, ब्राबल ब्यारेकअन्तर्गतका २७ नेपाली सेना, २८ नेपाल प्रहरी, १३ सशस्त्र प्रहरी, ७९ सरकारी कर्मचारी र २६ जना बैंक तथा वित्तीय संस्थाका कर्मचारी अझै सम्पर्क बाहिर छन् । यस्तै, रसुवाका एक हजार ३७०, अन्य जिल्लाका एक हजार २६२ र २६६ विदेशी पर्यटक सम्पर्कविहीन रहेका सहायक प्रजिअ अधिकारीले बताउनुभयो ।

विपद्का क्रममा फेला परेका शवमध्ये छ जनाको सनाखत भई आफन्तलाई बुझाइ सकिएको छ । उत्तरगया-५ का जनक आचार्य, गङ्गादेवी श्रेष्ठ, पुदुली तामाङ, आशवीर तामाङ र आशिष बानियाँ तथा गोसाइँकुण्ड-६ की छिरिङ ग्याल्मो तामाङको शव सनाखत भएको हो । अन्य विभिन्न स्थानमा फेलापरेका १६३ शवमध्ये पाँच जनाको सनाखत भइसकेको र बाँकीको सनाखत प्रक्रिया तथा डिएनए परीक्षणका लागि मुचुल्का उठाउने कार्य भइरहेको सहायक प्रजिअ अधिकारीले बताउनुभयो ।

बाढीपहिरोले रसुवाको भौतिक संरचनामा ठूलो क्षति पुर्याएको छ । प्रारम्भिक विवरण अनुसार एक हजार ५०० निजी घर पूर्ण वा आंशिक रूपमा क्षतिग्रस्त भएका छन् । यस्तै २८ सरकारी तथा सार्वजनिक निकाय, आठवटा सामुदायिक विद्यालय, तीन निजी विद्यालय र १४ बैंकका भवनमा क्षति पुगेको छ ।

त्यसैगरी, जिल्लाको मेरुदण्ड मानिने ४१ किलोमिटर राजमार्ग तथा सडक खण्ड ठप्प भएको छ । छवटा पक्की मोटरेबल पुल, आठवटा ट्रस तथा बेलीब्रिज, एक आर्च पुल र १० वटा झोलुङ्गे पुल बाढीले बगाएको वा क्षति पुर्याएको छ । जिल्लाका आठवटा जलविद्युत् आयोजनामासमेत अत्यधिक क्षति गरेको छ ।

# टेम्केमैयुङका १३७ महिलाको निःशुल्क क्यान्सर परीक्षण

भोजपुर । महिलामा हुने स्तन तथा पाठेघरको मुखको क्यान्सरको समयमै पहिचान तथा रोकथाम गर्ने उद्देश्यले भोजपुरको टेम्केमैयुङ गाउँपालिकामा निःशुल्क स्वास्थ्य परीक्षण तथा सचेतना अभियान सञ्चालन गरिएको छ । 'मातृत्व जोगाउने अभियान' अन्तर्गत सञ्चालन गरिएको दुईदिने निःशुल्क स्वास्थ्य शिविरमा गाउँपालिकाका १३७ महिलाको स्तन तथा पाठेघरको मुखको क्यान्सर परीक्षण गरिएको हो ।

दुर्गम क्षेत्रका महिलालाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउँदै क्यान्सरको प्रारम्भिक अवस्था पहिचान गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको 'कल्प इम्पावर वुमन नेपाल'की अध्यक्ष पूजा कोइरालाले बताउनुभयो । महिलामा हुने स्तन तथा पाठेघरको मुखको क्यान्सर समयमै पहिचान गर्नसके उपचार प्रभावकारी हुने भएकाले अभियान लाई प्राथमिकता दिइएको उहाँको भनाइ छ ।

संस्थाले विशेषगरी महिला स्वास्थ्य तथा महिलाको नेतृत्व क्षमता विकासका क्षेत्रमा काम गर्दै आएको अध्यक्ष कोइरालाले जानकारी दिनुभयो । संस्थाले हालसम्म करिब २५ हजार महिलालाई स्वास्थ्य सेवा प्रदान गरिसकेको र यस वर्ष थप १० हजार महिलासम्म सेवा पुर्याउने लक्ष्य राखेर 'मातृत्व जोगाउने अभियान' सञ्चालन गरिरहेको उहाँले बताउनुभयो ।

गाउँपालिकाका महिलाको स्वास्थ्य अवस्थालाई ध्यानमा राख्दै स्तन तथा पाठेघरको मुखको क्यान्सरको खोजी, पहिचान र रोकथामका लागि शिविर सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताउनुभयो । यस्ता शिविरले सहज रूपमा सेवा पाउनुका साथै समयमा नै रोगको पहिचान गरी उपचारसमेत सहयोग पुग्ने उहाँको भनाइ छ । "पाठेघर र स्तन क्यान्सरको खोजी तथा पहिचान गर्न शिविरमार्फत सेवा दिएका हौं", अध्यक्ष बस्नेतले भन्नुभयो, ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com